का.जि.प्र.का.द.नं. १००/०५९/६०
३० कात्तिक २०७९,
बुधबार
16 November 2022,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २७० । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

नेतृत्वको स्वार्थ

## आम चुनाव, आफ्नै चिन्ता

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ कात्तिक ।

पार्टी र मुलुककै नेतृत्वका दाबेदार नेताहरुप्रति कार्यकर्ताको ठूलो अपेक्षा हुन्छ । आफ्ना क्षेत्रमा आएर पार्टीका उम्मेदवारलाई भोट मागिदिने । यो स्वमं नेतृत्वका दाबेदारका लागि अवसर पनि हो । तर, आफ्नै पार्टीका नेता/कार्यकर्ता र आम जनताको मन जित्ने अवसरको सदुपयोग यस पटकको आम चुनावमा नेताहरुले कमै मात्र गरेको देखिन्छ ।

४ मंसिरको आम चुनावमा दुई वटा गठबन्धन प्रष्ट रुपमा छ । पाँच दलीय सत्ता गठबन्धनमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी र राष्ट्रिय जनमोर्चा छ भने नोप एमाले नेतृत्वको गठबन्धनमा राप्रपा, जसपा लगायतका साना दलहरु छन् । चुनाव गठबन्धनबाट लडे पनि शीर्ष नेताहरु आफ्नै निर्वाचन क्षेत्रमा बढ्ता केन्द्रित भएका छन् । दोस्रो, तेस्रो तहका नेताहरुलाई त चुनावी अभियानका क्रममा आफ्नो निर्वाचन क्षेत्रबाट निस्कन गाह्रो भएको देखिएको छ ।

अघिल्ला निर्वाचनमा शीर्ष नेताहरु देशव्यापी रुपमा दौडधुप गरेर पार्टी र उम्मेदवारका पक्षमा मत माग्न सक्रिय देखिन्थे । तर, यसपटक भने त्यस्तो दृश्य कमै देख्न पाइएको छ । प्रधानमन्त्री शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओली, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल देश दौडाहमा निस्किए । देउवा र ओलीले दुई दर्जन बढी चुनावी सभालाई सम्बोधन गरे । त्यसो त अध्यक्ष ओलीले बढीजसो समय गृहजिल्ला झापामा बिताएका छन् ।



> अघिल्ला निर्वाचनमा शीर्ष नेताहरु देशव्यापी रुपमा दौडधुप गरेर पार्टी र उम्मेदवारका पक्षमा मत माग्न सक्रिय देखिन्थे । तर, यसपटक शीर्ष नेताहरु पनि आफ्नै निर्वाचन क्षेत्रमा बढ्ता केन्द्रित भए दोस्रो, तेस्रो तहका नेताहरूलाई आफ्नो निर्वाचन क्षेत्रबाट निस्कनै सकेनन् ।

प्रचण्ड र माधव नेपाल पनि देशका केही भूभागमा पुगे । ०७४ मा चितवन-३ बाट चुनाव जितेका प्रचण्ड यसपटक गोरखा २ पुगे । गोरखामा माओवादीको राम्रो भए पनि उनी आफ्नो निर्वाचन क्षेत्रमा प्रचार अभियानमा अलि बढी नै केन्द्रित भए ।

पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल यदाकदा गठबन्धनको चुनावी कार्यक्रममा सहभागी भए । पूर्वप्रधानमन्त्री झलनाथ खनालले अधिकांश समय आफ्नै क्षेत्रमै बिताएका छन् । कांग्रेसका रामचन्द्र पौडेल, कृष्ण सिटौला, राप्रपाका अध्यक्ष राजेन्द्र लिंदेन लगायत आफ्नै क्षेत्रमा सीमित भए ।

लामो गृहयुद्धको अन्त्य, शान्ति-सम्झौता र गणतन्त्र स्थापनामा खास भूमिका खेलेका नेता हुन्, कृष्णप्रसाद सिटौला । संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई संस्थागत गर्ने संविधान जारी भएपछिको दोस्रो प्रतिनिधिसभा निर्वाचनमा उनी झापा-३ बाट उठेका छन् । २०४८ यता उनले प्रतिस्पर्धा गरेको यो सातौं राष्ट्रिय निर्वाचन हो । यसपटक उनको मुख्य प्रतिस्पर्धीका रूपमा राप्रपाका अध्यक्ष लिङ्देन चुनावी मैदानमा छन् । लिङ्देनलाई नेकपा (एमाले)को समर्थन छ । यसकारण पनि सिटौला बाहिर निस्कन सकेनन् । किनभने, नेपाललाई गणतन्त्र बनाउन महत्वपूर्ण भूमिका खेलेका सिटौलाले सम्भवत: जीवनको यो अन्तिम चुनावमा राजावादी लिङ्देनलाई परास्त गर्न गठबन्धनको भोट सुरक्षित राख्दै स्वतन्त्र मतदाता र एमालेभित्रका प्रगतिशीलहरूलाई तान्न सक्नुपर्ने देखिन्छ ।

कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले अधिकांश समय तनहुँ-१ मा बिताए । कांग्रेसका अर्का नेता गोविन्दराज जोशीको – बाँकी पृष्ठ २ मा

## युवा फकाउँदै ओली

> नयाँ पुस्ताका यूवाप्रतिको आकर्षण बढ्न थालेपछि अध्यक्ष ओलीले टिकटक, सामाजिक सञ्जाल, पैदलयात्रा र क्लबमा पुगेर प्रचार बढाउन थालेका हुन् ।



*गत शुक्रबार राति काठमाडौंस्थित ठमेलको एलओडी क्लबमा र्‍याप गाउँदै नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली ।*

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २९ कात्तिक ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली आगामी आईतबार हुने प्रदेशसभा तथा प्रतिनिधिसभाको निर्वाचनमा युवाको आकर्षण बढाउने रणनीतिमा लागिपरेका छन् । चुनावमा पुराना भन्दापनि नयाँ पूस्ताका यूवाप्रतिको आकर्षण बढ्न थालेपछि अध्यक्ष ओली टिकटक, सामाजिक सञ्जाल, पैदलयात्रा र क्लबमा पुगेर प्रचार बढाउन थालेका हुन् । गत शुक्रबार मध्यराति उनी युवाहरुमाझ परिचित ठमेलको एलओडी क्लबमा पुगे, जहाँ पुग्दा उनको प्रचारका लागि बनाएको र्‍याप गीत शहर- शहरमा ओली बजाएर उनको स्वागत गरिएको थियो । त्यत्तिमात्रै होईन, क्लबभरि युवाको जमात राखेर उनले सूर्य चिन्हमा मतदान गर्न अपिल पनि गरेका थिए ।

त्यस्तै, चुनावको मिति नजिकिँएसँगै अध्यक्ष ओली सामाजिक सञ्जालमा पनि त्यत्तिकै सक्रिय हुन थालेका छन् । उनी बिहानै सूर्यको फोटो पोस्ट गरेर विभिन्न जिल्लाबाट सूर्य उदाएको देखाईरहेका छन् भने युवापुस्ताले एमालेको

> केपी ओली अरु विषयमा जसरी चटक गर्छन्, त्यसैगरी नै युवाहरूसँग जोडिन अनेक उपाय गर्दैछन् ।
>
> **मुमाराम खनाल**
> **राजनीतिक विश्लेषक**

पक्षमा बनाएका भिडियो पनि सामाजिक सञ्जालमा सेयर गरिरहेका छन् । अझ टिकटकमा त उनले आफ्नो अनुहार आउने एप बनाएर र्‍याप गीतमा भिडियो बनाउन समेत कार्यकर्तामा अपिल गरेका थिए ।

'लामो समयसम्म पार्टी हाँक्दै आइयो, अबको नेतृत्व युवा पुस्ताले हाँक्नु पर्छ, अवसर उनीहरुलाई दिनुपर्छ' अध्यक्ष ओलीले भने । उनले अहिलेका चुनावमा पनि युवाले नेतृत्व गर्ने अवशर पाएको बताएका छन् ।

केही समयअघि उनले प्रधानमन्त्री देउवालाई लाईभ डिवेटमा उत्रिन पनि अनुरोध गरेका थिए तर देउवाले सहमति नदिएपछि उनले कल केपी बा कार्यक्रम नै राखेर केही व्यक्तिहरुसँग कुराकानी गरेका थिए । त्यस्तै, कार्यक्रममा पुग्दा युवाका नजिक पुगेर सेल्फी खिच्ने र फोटो सामाजिक सञ्जालमा सेयर गरेर मतदाता आकर्षित गर्न उनी लागिपरेका छन् । 'केपी ओली अरु विषयमा जसरी चटक गर्छन्, त्यसैगरी नै युवाहरुसगँ जोडिन अनेक उपाय गर्दैछन्, राजनीतिमा विचार सिद्धान्त, संरचना आदिको कुराले काम गर्ने त्यो युगको अन्त्य भएको बुझेकै कारण – बाँकी पृष्ठ २ मा

## मतदानको गोप्यता कायम गर्न आग्रह



> मतदान प्रक्रियाको गोप्यता भंग गर्नु/गराउनु निर्वाचन आचारसंहिता, निर्वाचन ऐन तथा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ (मतदान निर्देशिका) अनुसार दण्डनीय हुनेछ ।
>
> **दिनेशकुमार थपलिया**
> **प्रमुख निर्वाचन अयुक्त**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २९ कात्तिक ।

निर्वाचन आयोगले मतदान तथा मतपत्रको गोप्यता कायम गर्न आग्रह गरेको छ ।

मौन अवधि शुरु हुनु भन्दा केही दिन अगाडि नै प्रमुख निर्वाचन अयुक्त दिनेशकुमार थपलियाले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा मतदान तथा मतपत्रको गोप्यता कायम गर्न आग्रह गरेका हुन् ।

कसैको डर, त्रास, धाकधम्की, अवरोध र प्रलोभनमा नपरी गोप्य मतदान गर्न पाउनु उनीहरूको सार्वभौम अधिकार भएकाले मतदातालाई गोप्य मतदानद्वारा आफ्ना प्रतिनिधि चुन्ने हकको सुनिश्चितता हुनुपर्ने थपलिया बताउँछन् । उनी भन्छन्, 'कोही कसैबाट जो कोही मतदातालाई डर, त्रास, धम्की, अवरोध वा प्रलोभनमा पारेर मतदान प्रक्रियाको गोप्यता भंग गर्नु/गराउनु निर्वाचन आचारसंहिता, निर्वाचन (कसुर तथा सजाय) ऐन, प्रतिनिधिसभा – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## आप्रवासी कामदारहरुको मृत्युबारे अनर्गल प्रचार गरियो, स्वीकार्य छैन : कतारी श्रममन्त्री

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २९ कात्तिक

कतार सरकारका श्रम मन्त्री डा. अलि बिन स्माइख अल मारीले विश्वकपका लागि रंगशाला र विभिन्न भौतिक संरचना निर्माणका क्रममा आप्रवासी कामदारको मृत्यु भएको भन्दै अनर्गल प्रचार गरिएको दाबी गरेका छन् ।

खासगरी पश्चिमी सञ्चारमाध्यम केही समययता कतारमा विश्वकप फुटबलका लागि आधुनिक रंगशाला र अन्य भौतिक सुविधाका संरचना निर्माणका क्रममा ६ हजार ५ सय आप्रवासी कामदारको मृत्यु भएको समाचार श्रृंखलाबद्धरूपमा सार्वजनिक भइरहेको छ । मन्त्री मारीले भौतिक संरचना निर्माणका क्रममा ६ हजार ५ सय आप्रवासी कामदार मारिए भन्नु तर्कहीन भएको बताए ।

कतारमा सन् २०२२ को विश्वकप फुटबलको औपचारिक प्रारम्भको तयारी जारी रहेका बेला मन्त्री मारी मानव अधिकार उपसमिति र अरब प्रायद्वीपसँग सम्बन्धका लागि युरोपेली संसद्को निमन्त्रणमा ब्रसेल्समा भएको 'श्रम सुधार सम्बन्धी युरोपेली संसद्को सुनुवाइ'मा भाग लिन त्यहाँ पुगेका थिए ।

सो सुनुवाइमा मन्त्री मारीले आप्रवासी कामदारको विषय जोडेर कतारी जनता र उनीहरूको राष्ट्रिय टोलीविरुद्ध जातीय र घृणापूर्ण हमला गर्ने प्रयास गरिएको भन्दै सबैलाई कडा कारबाही गर्न अन्तर्राष्ट्रिय मानव अधिकार संगठनहरूलाई आह्वान गरे । सबै अनुचित आरोपलाई सम्बन्धित – बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विभागका नासु घुससहित पक्राउ

काठमाडौं/मस- वैदेशिक रोजगार विभाग बुद्धनगरमा कार्यरत नायब सुब्बा प्रमोद पाण्डे घुस रकमसहित पक्राउ परेका छन् । पाण्डेलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले घुस रकमसहित उनकै कार्यकक्षबाट मंगलबार पक्राउ गरेको हो ।

वैदेशिक रोजगार कसुरमा मिलापत्र पश्चात रोक्का भएको बैंक खाता सञ्चालन गर्नका लागि सेवाग्राहीसँग तीस हजार रुपैयाँ घुस मागेको सूचनाका आधारमा उनलाई पक्राउ – बाँकी पृष्ठ २ मा






# लामिछानेविरुद्ध निर्वाचन आयोगमा उजुरी

**काठमाडौं/मस–** चितवन निर्वाचन क्षेत्र नम्बर २ मा प्रतिनिधिसभा सदस्यका उम्मेदवार रवि लामिछानेको उम्मेदवारी खारेजीको माग गर्दै निर्वाचन आयोगमा उजुरी परेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिसमेत रहेका लामिछानेले विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि नेपालको नागरिकता त्याग नगरेको भन्दै उम्मेदवारी खारेज गर्नुपर्ने माग गर्दै राजकुमार पाण्डेद्वारा निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दर्ता भएको निर्वाचन आयोगले जनाएको छ ।

आयोगका अनुसार निर्वाचन अधिकृतले सम्बन्धित व्यक्तिबाट स्पष्टीकरण प्राप्त गरेर आयोगमा पठाइसकेपछि थप प्रक्रिया अघि बढ्नेछ ।




**आयोगद्वारा स्पष्टीकरण**

आयोगले राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टङ्कलाल घिसिङलाई नेकपा (माओवादी केन्द्र) को प्रचारप्रसारमा सम्लग्न रहेको विषयमा स्पष्टीकरण सोधेको छ । सदस्य सचिव घिसिङले रामेछाप जिल्लामा सो दलको प्रचारप्रसारमा सम्लग्न रहेको विषयमा उजुरी परेको थियो । आयोगले काठमाडौंको मनोहरा नगरपालिकाका प्रमुख उपेन्द्र कार्कीलाई आफ्नो पालिकाभित्र निर्वाचन आचारसंहिता विपरीत आफू निकट दल र उम्मेदवारलाई मत मागेको विषयमा स्पष्टीकरण सोधेको छ । डडेलधुराको पर्शुराम नगरपालिकाका प्रमुख भरत बडायर जोशी र उपप्रमुख विमल थापालाई आफ्नो पालिकाभित्र निर्वाचन आचारसंहिता विपरीत आफू निकट दल र उम्मेदवारलाई मत मागेको विषयमा आयोगले स्पष्टीकरण सोधेको छ ।

यस्तै, आयोगले प्रतिनिधिसभा सदस्यका काठमाडौं क्षेत्र नं. १ का हाम्रो नेपाली पार्टीका उम्मेदवार डम्बर साहुलाई दलीय आबद्धता स्पष्ट नगरी प्रचारप्रसार गरेको विषयमा स्पष्टीकरण सोधेको छ । आयोगले प्रतिनिधिसभा सदस्यका मकवानपुर क्षेत्र नं. १ का हाम्रो नेपाली पार्टीका उम्मेदवार दीपेन्द्रचन्द ठकुरीलाई दलीय आबद्धता स्पष्ट नगरी प्रचारप्रसार गरेको विषयमा स्पष्टीकरण सोधेको छ ।

**बैंकको साधारणसभा स्थगित गर्न निर्देशन**

निर्वाचन आयोगले नेपाल क्रेडिट एण्ड कमर्सियल बैंकलाई साधारणसभा स्थगित गर्न निर्देशन दिएको छ । आयोगले सिन्धुपाल्चोक जिल्ला क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार रहेका व्यक्तिसमेत सञ्चालक रहेको त्यस बैंकको साधारणसभा आगामी मंसिर २ गते काठमाडौंमा सम्पन्न हुने गरी आयोजना गरिएको र मौन अवधि शुरु भइसकेपछि ठूलो संख्यामा मानिस भेला गराई राजनीतिक प्रभाव पार्ने उद्देश्यले भोजभतेरसमेतको व्यवस्था गर्न लागेको उजुरी परेपछि आयोगले सभा रोक्न निर्देशन दिएको हो ।

निर्वाचन आचारसंहिता विपरीत त्यसरी साधारणसभा गर्दा निर्वाचन आचारसंहिता उल्लङ्घन हुनुका साथै सार्वजनिक शान्ति र सुव्यवस्थामा समेत खलल पर्नसक्ने भएकाले आयोगले निर्देशन दिएको हो ।

# मतदान केन्द्रमा क्यामरा, मोबाइल लगायतका सामग्री निषेध

**काठमाडौं/मस–** निर्वाचन आयोगले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि मतदान केन्द्रमा क्यामरा, मोबाइल र अन्य निषेधित वस्तु रोक्ने सम्बन्धमा चार बुँदे निर्देशन दिने निर्णय गरेको छ । मतदानका दिन मतदान केन्द्रमा प्रवेश गर्ने मतदाता तथा अन्य व्यक्तिलाई सलाई, लाइटर, फोटो खिच्ने क्यामरा, मोबाइल तथा अन्य निषेधित वस्तु नलिई मतदान केन्द्रमा आउनको निम्ति प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को दफा २१ बमोजिम सर्वपक्षीय बैठकमा समेत छलफल गराई आयोगले सार्वजनिक आह्वान र अनुरोध गरेको हो ।

आयोगले मतदाता वा अन्य व्यक्तिले मतदान केन्द्रमा आउँदा निषेधित वस्तु लिई आएको पाइएमा प्रचलित कानून बमोजिम तत्काल कारबाही गर्ने र सलाई, लाइटर, क्यामरा, मोबाइलजस्ता वस्तु लिई आएमा मतदान केन्द्रको प्रवेश विन्दुमा राख्ने व्यवस्था मिलाउने वा मतदान केन्द्र बाहिर निजलाई उपयुक्त लागेको स्थानमा राख्न लगाएर मतदान केन्द्रमा प्रवेश गर्न अनुमति दिने निर्देशन दिएको छ ।

'कसैले फोटो खिच्ने क्यामरा वा मोबाइल आफ्नो स्थानमा साथमा लागि मत सङ्केत गर्ने स्थान मतदान कक्षमा गएमा तत्काल त्यस्तो क्यामरा वा मोबाइल जफत हुने व्यहोरा सर्वसाधारणलाई सूचीत गर्ने ।'

आयोगको निर्देशनमा भनिएको छ, 'प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७९, निर्वाचन आचारसंहिता, २०७९ विपरीत उल्लिखित कार्य गर्ने मतदाता तथा अन्य व्यक्तिलाई कानून बमोजिम कारबाही गर्न मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतमार्फत मतदान केन्द्रमा खटिने सबै मतदान अधिकृत, सहायक मतदान अधिकृत तथा सुरक्षाकर्मीलाई जानकारी गराउने ।'

# मेलम्चीको पानी काठमाडौं पठाउने काम शुरु

**मेलम्ची/मस–** वर्षाका कारण अवरुद्ध मेलम्चीको पानी पुनः काठमाडौं पठाउनका लागि काम शुरु गरिएको छ । वर्षायाममा क्षति हुनसक्ने भन्दै गत जेठमा बन्द गरिएको सुरुङ हालसम्म सञ्चालन गरिएको थिएन । यस वर्ष सुरुङमा खासै क्षति नभए पनि आयोजना स्थलसम्म पुग्ने सडक अधिकांश बिग्रिएको थियो । सो सडक निर्माणको काम अन्तिम चरणमा पुगेको मेलम्ची खानेपानी आयोजनाका सिनियर डिभिजनल इन्जिनियर पदमबहादुर कुँवरले बताए ।



अहिले आयोजनाको टोली मुहान मर्मतमा खटिएको उनले जानकारी दिए । आवश्यक उपकरणासहितको टोली आयोजनास्थलमा खटिएको र खोला डाइभर्टलगायत केही काम शुरु गरिएको उनले बताए । बुधबारदेखि सुरुङ खोतल्ने काम शुरु हुने उनको भनाइ छ । सुरुङभित्र खासै क्षति नभएको, सुरुङ बाहिर पनि गत सालभन्दा आधा मात्र सरसफाइ गर्नुपर्ने देखिएको उनले बताए ।

जतिसक्दो छिटो पानी सुरुङमा पठाउने गरी काम गरिने उनको भनाइ छ । उनका अनुसार सडक अवरुद्ध भएकाले मेसिन आयोजनास्थलमा पुऱ्याउन नसक्दा पानी ल्याउन ढिलाइ भएको हो । विसं २०७८ असार १ को बाढीले आयोजनाको बाँध र हेडवर्क्समा क्षति पुऱ्याएपछि मर्मत गरी २०७९ वैशाख ११ गतेदेखि जेठ तस्रो सातासम्म पानी लगिएको थियो । विसं २०७८ असार १ गते सुपरीवेक्षण गर्नका लागि भन्दै सुरुङ बन्द गरेकै दिनमा ठूलो बाढी आएर मेलम्चीको हेडवर्क्स क्षेत्रमा क्षति पुगेको थियो । गेग्रान हटाउने कार्य चिनियाँ निर्माण कम्पनी सिनो हाइड्रो पावरले गर्नेछ ।

# चितवनमा डेंगुबाट ६ जनाको मृत्यु

**चितवन/मस–** चितवनमा डेंगु संक्रमणबाट ६ जनाको मृत्यु भएको छ । जिल्लामा साउन यता उपचारका लागि आएका जिल्लाभित्र र जिल्लाबाहिरका ६ जनाको मृत्यु भएको स्वास्थ्य कार्यालय चितवनले जनाएको छ । कार्यालयका सूचना अधिकारी राम केसीका अनुसार हालसम्म १० हजार नौ सय ७४ जनाको परीक्षण गरिएकामा दुई हजार नौ सय ४९ जनामा डेंगुको संक्रमण देखिएको छ । संक्रमितमध्ये २० हजार ५० जना चितवनका हुन् भने अन्य बाहिरी जिल्लाका रहेका छन् । ठेगाना नखुलेका दुई सय ९१ र ठेगाना खुलेका ६ सय आठजना रहेको कार्यालयले जनाएको छ ।

जिल्लामा सबैभन्दा बढी डेंगु रोगको संक्रमण भरतपुर महानगरपालिकामा देखिएको छ । जहाँ एक हजार चार सय ५० जनामा डेंगु रोग देखिएको केसीले बताए । उनका अनुसार खैरहनी नगरपालिकामा एक सय ६४, माडी नगरपालिकामा ३५, रत्ननगर नगरपालिकामा दुई सय ४३ जनामा डेंगु रोग देखिएको थियो । यस्तै राप्ती नगरपालिकामा ९६, कालिका नगरपालिकामा ४८ र इच्छाकामना गाउँपलिकामा १४ जनामा डेंगुको संक्रमण देखिएको थियो । कार्यालयका अनुसार जिल्लामा भेटिएका संक्रमितमध्ये एक हजार एक सय ३६ पुरुष र नौ सय १४ जना महिलामा डेंगु रोगको संक्रमण देखिएको उनले बताए ।

# भारतीय नागरिक मृत फेला

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २९ कात्तिक



जिल्लाको गौर भन्सार कार्यालय नजिकैको नालामा युवकको शव फेला परेको छ । भारतको सितामढी जिल्लाको बैरगिनिया १९ डुमरवाना घर भएको २० वर्षीय सुरज साह मृत फेला परेका जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । अत्याधिक मदिरा सेवनका कारण उनको मृत्यु भएको प्रहरीको अनुमान छ । मदिरा सेवन गरेर घरतर्फ फर्किने क्रममा नालामा खसेर उनको मृत्यु भएको स्थानीयको आशंका छ । थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

आगामी मंसिर ४ गते हुने निर्वाचनलाई केन्द्रित गर्दै प्रशासनले मदिरा बिक्री वितरणमा रोक लगाएको भएपनि स्थानीय व्यावसायीले लुकिछिपी बिक्री वितरण गरिरहेका पाइएको छ । मदिरा बिक्री वितरणमा प्रतिबन्ध लगाएको भएपनि प्रशासनको अनुगमन फितलो भएको स्थानीयले बताएका छन् ।

# पत्रकार सुत्केरी हुँदा २५ हजार सहयोग दिने निर्णय

**झापा/मस–** नेपाल पत्रकार महासंघ झापाले पत्रकार महिलालाई सुत्केरी हुँदा रु २५ हजार शल्यक्रिया खर्च उपलब्ध गराउने भएको छ । महासंघको हालै सम्पन्न साधारणसभाले सुत्केरी, बिरामी र मृत्यु संस्कारमा सहयोग दिने निर्णय गरेको शाखाका अध्यक्ष एकराज गिरीले बताए । उनका अनुसार महिला पत्रकार सुत्केरी हुँदा शल्यक्रिया गर्नुपरेमा रु २५ हजार दिने निर्णय गरेको छ भने महासंघका सदस्य बिरामी तथा घाइते हुँदा रु ३० हजार उपचार सहयोग दिइने भएको छ ।




पत्रकारको मृत्यु हुँदा आश्रित परिवारलाई रु ५० हजार उपलब्ध गराइनेसमेत उनले जानकारी दिए । नेपाल पत्रकार महासंघ झापाले पत्रकारको सामाजिक सुरक्षाका लागि रु एक करोडको पत्रकार उपचार कोष स्थापना गरेको छ । सो कोषमा दाताबाट सहयोग उठाएर हाल रु ६४ लाख जम्मा भइसकेको छ ।

## नेतृत्वको...

असहयोगका कारण नेता पौडेल दबाबमा छन् । जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले पनि आफ्नो निर्वाचन क्षेत्र छाडेनन् ।

ठूला पार्टीको नेतृत्वको दाबी गरिरहेका कांग्रेसका महामन्त्रीद्धय गगन थापा र विश्व प्रकाश शर्मा, नेकपा एमालेका महासचिव शंकर पोखरेल, नेकपा माओवादी केन्द्रका महासचिव देव गुरुङ लगायतका नेताहरु आफ्नै निर्वाचन क्षेत्रमा मात्रै सिमिति भए । एमालेका वरिष्ठ उपाध्यक्ष इश्वर पोखरेल, उपाध्यक्ष सुवास नेम्वाङ लगायत पनि आफ्नो निर्वाचन क्षेत्रबाट बाहिर निस्कन सकेनन् । गगन थापा आफूलाई भावी प्रधानमन्त्रीका रुपमा प्रस्तुत गरेर भोट मागिरहेका छन् । तर, देशका अन्य भागमा पुगेनन् । काठमाडौं ४ का जनतामाझ रहेर उनले चुनाव प्रचार अभियान चलाए । एमाले महासचिव शंकर पोखरेल दाङ २ बाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवार छन् । उनी पनि देश दौडाहमा निस्केनन् । सत्ता गठबन्धनका तर्फबाट साझा उम्मेदवार रहेकी रेखा शर्माले पोखरेललाइ कडा चुनौती दिइरहेकी छन् । तर, पोखरेल आफूलाई भावी प्रधानमन्त्री र भावी एमाले अध्यक्षको रुपमा भोट मागिरहेका छन् । पार्टी र मुलुकको नेतृत्व दाबी गर्दै गरेका पोखरेल पनि दाङ २ बाट बाहिर चुनावी प्रचारमा निस्कन सकेनन् ।

माओवादी केन्द्रका महासचिव देव गुरुङ पनि आफ्नो निर्वाचन क्षेत्र रहेको जिल्ला लमजुङ बाहिर चुनावी प्रचारमा निस्कन सकेनन्/निस्केनन् । २०६४ सालको पहिलो संविधानसभाको चुनावमा मनाङ र कास्की-१ बाट उम्मेदवार थिए । दुवै ठाउँबाट चुनाव जितेपछि एउटा ठाउँ रोज्नुपर्दा मनाङ रोजे । २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा नेकपा एमाले र माओवादी केन्द्रबीच तालमेल हुँदा गुरुङ लमजुङबाट पहिलो पटक उम्मेदवार बने र जिते पनि । देव गुरुङ ३९ हजार ४६८ मत ल्याएर निर्वाचित हुँदा कांग्रेसका दिलबहादुर घर्तीले ३१ हजार ६७ मत पाएका थिए । मनाङको नार्सो गाउँपालिका-४ मा जन्मिएका गुरुङ यसपटक अघिल्लो निर्वाचनमा सहयात्री पृथ्वीसुब्बा गुरुङसँग आमनेसामने हुँदैछन् ।

अघिल्लो पटक सहमतिमै एउटा प्रदेश र अर्को केन्द्रमा लागेका गुरुङद्वय यसपटक एकै चुनावी प्रतिस्पर्धामा छन् । यसकारण गुरुङ लमजुङ बाहिर चुनावी प्रचारमा निस्कन सकेनन् ।

मङ्सिर ४ गते हुने प्रतिनिधि र प्रदेशसभा सदस्य निर्वाचनका लागि राजनीतिक दल र उम्मेदवारले प्रचारप्रसार गर्न अब एक दिनमात्रै बाँकी छ । निर्वाचन आचारसंहिताको दफा १३ मा राजनीतिक दल, उम्मेदवार, दलको भ्रातृ सङ्गठन तथा सम्बन्धित व्यक्तिले जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा निर्वाचन प्रचारप्रसारसम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने आचरणको व्यवस्थाअन्तर्गत यही कात्तिक १७ गतेदेखि मङ्सिर १ गतेसम्म प्रचारप्रसारका लागि निर्धारण गरिएको छ । मङ्सिर १ गते रातिदेखि प्रचारप्रसार निषेधको शान्त (मौन) अवधि भएकाले उक्त अवधिमा प्रचारप्रसार स्थिर हुने कानुनी व्यवस्था रहेको छ ।

## मतदानको...

तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ (मतदान निर्देशका) अनुसार दण्डनीय हुनेछ ।'

उनले मतदान प्रक्रियाको गोप्यता भंग गरिएको मतपत्र मतपेटिकामा खसाली नसकेको भए मतदान अधिकृतले मतपत्रलाई छुट्टै खाममा राखी त्यस्तो खाममा सोही ब्यहोरा उल्लेख गरी शिलबन्दी गरी मुचुल्का खडा गरी राख्नुपर्ने र त्यस्तो मतपत्र गणना नगरिने व्यवस्थाको स्मरण गराउँदै आफ्नो नाममा बाहेक अरुको नाममा मत हाल्न, पटकपटक मतदान गर्न, मतपत्र बिगार्न वा नष्ट गर्ने कुनै वस्तु वा पदार्थ मतपेटिकमा खसाल्न नहुने बताए ।

निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ९ मा कसैले पनि मतपत्रमा मत सङ्केत गरिसकेपछि त्यस्तो मतपत्र कसैलाई देखाउन, प्रदर्शन गर्न, गोप्य मत सङ्केत स्थलमा मत सङ्केत नगरी त्यसभन्दा बाहिर गई मत सङ्केत गर्न वा मत सङ्केत गरेको ब्यहोरा कुनै प्रकारले सार्वजनिक गर्न, छाप लगाएको मतपत्र आफूसँग लिएर जान नहुने व्यवस्था छ । त्यसैगरी मतपत्रको गोप्यता भंग हुँदा अन्य दल तथा उम्मेदवारले समेत सम्बन्धित मतदातालाई विभिन्न किसिमका असहजता सिर्जना गर्न सक्छन् र यसले व्यक्तिको सामाजिक प्रतिष्ठामा समेत गम्भीर असर पुऱ्याउने आयोगले जनाएको छ ।

यसैबीच, ८४ वटा सञ्चार माध्यमले पत्रकार तथा निर्वाचन आचारसंहिता प्रतिकूल समाचार सामग्री सम्प्रेषण गरेको प्रेस काउन्सिल नेपालको जनाएको छ ।

आचारसंहिता विशेष अनुगमनका क्रममा कात्तिक २९ गतेसम्म १५ वटा छापा माध्यम, ५ वटा टेलिभिजन, २० वटा रेडियो, ४४ वटा अनलाइन गरी ८४ वटा सञ्चार माध्यम र ५ वटा वेबपोर्टलबाट आचारसंहिता विपरितका सामग्री सम्प्रेषण भएको आयोगले जनाएको हो ।

ती मध्ये ६ वटालाई निर्देशन, ४६ वटालाई ध्यानाकर्षण, १८ वटालाई सचेत र ११ वटालाई स्पष्टीकरण सोधिएको आयोगको भनाइ छ । दर्ता/सूचीकरण नभएका ५ वटा न्यूज पोर्टललाई नेपालभित्र सम्प्रेषण हुन नसक्ने बनाउन नेपाल दूरसञ्चार प्राधिकरणमा पत्राचार गरिएको छ र ३ वटा अनलाइन मिडियालाई फोन सम्पर्क गरी ध्यानाकर्षण गराइएको बताइएको छ ।

यस्तै मिडिया अन्तर्गतको केही सामाजिक सञ्जाललाई उजुरीका आधारमा ध्यानाकर्षण गराइएको छ । प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन मिति नजिकिँदै जाँदा आचारसंहिता उल्लंघनका नयाँ-नयाँ प्रवृत्ति देखिएको आयोगले जनाएको हो ।

## वैदेशिक...

गरिएको आयोगले जनाएको छ । आयोगका प्रवक्ता श्याम प्रसाद भण्डारीका अनुसार उनको साथबाट थप ६२ हजार ५५ रुपैयाँसमेत बरामद भएको छ । त्यसमध्ये ३० हजार घुस बापत लिएको र ३२ हजार ५५ रूपैयाँको वैधानिक स्रोत नखुलेको आयोगले जनाएको छ ।

म्यानपावर कम्पनीमा हुने नियमित अनुगमनको विषय महत्वका साथ प्रचारप्रसार गर्ने विभागले कार्यालय हाताभित्र कर्मचारी घुसको रकमसहित रंगेहात पक्राउ पर्दा कुनै प्रतिक्रिया सार्वजनिक गरेको छैन ।

## आप्रवासी...

निकायहरूले अनुगमन गर्नुपर्ने उनको माग छ । उनले कतारविरुद्ध नकारात्मक अभियान चलाउनेले आफ्नो लक्ष्य गुमाएको मात्र नभएर तर्क र बौद्धिकता पनि गुमाएको भन्दै सञ्चार माध्यममा आएका कुरालाई आधार मानेर विश्वकपका लागि विभिन्न सुविधा निर्माण र स्टेडियम निर्माणका क्रममा ठूलो संख्यामा आप्रवासी कामदारको मृत्यु भएको भन्नु तर्कहीन भएको बताए ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ), अन्तर्राष्ट्रिय ट्रेड युनियन कन्फेडेरेसन र ह्युमन राइट्स वाच, मानव अधिकारसम्बन्धी युरोपेली संघ उपसमितिका सदस्यहरू, ठुलो संख्यामा सांसदहरू, कूटनीतिज्ञहरू र केही अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूको उपस्थितिमा सुनुवाइ भएको थियो ।

त्यस क्रममा उनले कतारी जनता र राष्ट्रिय टोलीलाई अपमान गर्ने उद्देश्यले घृणा र जातिवादी बयानवाजी अपनाएर कतारविरुद्ध अपमानजनक आरोपहरू र नकारात्मक अभियानले महत्वपूर्ण मोड लिन थालेको बताए । उनले भने 'कतारी जनता, कतार र कतारी टोलीप्रति घृणायुक्त भाषण र जातिवादलाई ठाडै अस्वीकार गरिने छ ।'

विश्वकपको बारेमा भइरहेको कुरा बौद्धिक तथा सञ्चारमाध्यमको आतंकवाद र जातीय बहानामा 'ग्यासलाइटिङ' भएको भन्दै मन्त्री मारीले कतारविरुद्ध केहीले चलाएको अभियान औचित्यहीन रहेको दाबी गरे ।

## युवा...

युवाहरुलाई आकर्षण गर्न खोजेका हुन्,' राजनीतिक विश्लेषक मुमाराम खनालले भने । तर, यस्ता क्रियाकलापले युवाहरु उनीप्रति आकर्षित हुन नसक्ने विश्लेषक खनालको तर्क छ । यद्यपि, अध्यक्ष ओली स्वतन्त्र उम्मेद्वारप्रति युवाको आकर्षण घटाउन र सामाजिक सञ्जालबाट आफूप्रतिको आकर्षण बढाउन अनेक रणनीति अपनाईरहेका छन् ।

**Besishahar Municipality**
**Office of Municipal Executive**
**Besishahar , Lamjung**

**INVITATION FOR ELECTRONIC BIDS**

**First Date of Notice Publication : 2079/07/29**

1) Besishahar Municipality invites electronic bids from eligible bidders for the procurement of following works under NCB & SQ bidding procedures specified in Public Procurement Act and Regulations. Some of the qualification criteria are mentioned below.

| S. N. | Contract ID | Name of Project | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs) | Estimated Amount (With VAT & PS) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | Besishaharmun /Works/NCB /04/079/80 | Black Topped Road Maintainance Work (Ward no. 7, 8 & 9 Bazar Area) | 1,35,000 | 3,000 | 52,80,368.69 | 15th Dec 2022,12:00 |

2) Bidding Documents is available online and can be downloaded from e-GP system https://www.bolpatra.gov.np/egp/ Intrested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

**Information to deposit Bid Fee and Bid Security**

For Bid Security
Bank Name : Rastriya Banijya Bank Ltd
Account Name : Besishahar Municipality
Account Number : Ga-3-3040100303000002

For Bid Document Fee
Bank Name: Rastriya Banijya Bank Ltd.
Account Name : Besishahar Municipality
Account Number : Ga-1-1-3040100301010002

**Chief Administrative Officer**

# काज किरिया गरेको १९ वर्षपछि घर फर्किए जितबहादुर

**मानबहादुर विश्वकर्मा/मध्यान्ह**
बाजुरा, २९ कात्तिक

झट्ट सुन्दा अनौठो लाग्न सक्छ, तर यो सत्य हो। प्रायः काज किरिया अब मान्छे यो संसारमा छैन् अथवा मृत्यु भइसक्यो भनेर गरिन्छ। काज किरिया गरिसकेपछि अब त्यो मान्छे आउने आश हुँदैन। तर बाजुरामा काजकिरिया गरेका एक पुरुष १९ वर्षपछि आफ्नै घरमा फर्किएका छन्।

बाजुराको खप्तड छेडदह गाउँपालिका–७ लमगाउँ बस्ने ४६ वर्षीया जितबहादुर रावत बेपत्ता भएको १९ वर्षपछि घर फर्किएका छन्। १९ वर्ष पहिला घरबाट हराएका जितलाई परिवार तथा गाउँलेले धेरै ठाउँमा खोजे। नेपाल मात्र नभई भारतका विभिन्न शहरमा समेत खोजे प्रहरीलाई खबर समेत गरे। तर उनलाई कतै नभेटाएपछि गाउँमा उनको काजक्रिया गरिसकेका थिए।

'केही समयसम्म त पाउने आशमा खोज खबर गऱ्यौं, लामो समयसम्म सम्पर्कमा नआएपछि हिन्दु परम्परा अनुसार काजक्रिया गऱ्यौं' स्थानीय ताल बहादुर रावतले बताए। जितको काजक्रिया गरेपछि उनकी श्रीमती सुर्जा रावतले सरकारबाट पाउने सामाजिक सुरक्षा भत्ता तथा एकल भत्ता समेत बुझ्दै आएकी छन्।



सुर्जाले भनिन्, 'श्रीमानको धेरै खोज खबर गऱ्यौं, कतै नभेटिएपछि क्रियाकाज गरेर मृत्युदर्ता गरेका थियौं।' मृत्यु दर्तापछि एकल भत्ता खादै आएको उनले बताइन्।

१९ वर्षपछि श्रीमान आउँदा निकै खुशी भएका छौं, 'हामीले अब फेला पर्ने आश मारिसकेका थियौं। एकाएक घर पुग्दा वास्तविक हो की ? सपना जस्तै ?' सुर्जाले बताइन्। जितका गोबिन्द रावत र कमला रावत गरी दुई छोराछोरी छन्। दुबैको विवाह समेत भइसकेको छ। धेरै समयसम्म बेपत्ता भएका जित गाउँमा आउँदा गाउँलेले खुशीयाली समेत गरेका छन्। जितले भने आफु नेपालबाट गएर भारतको हिमाञ्चल प्रदेशमा बसेको बताए।

'घरफिर्ता नहुने गरी गएको थिए, तर घरपरिवार समाजको याद आएपछि १९ वर्षपछि गाउँ फिर्ता भए' जितले भने। यसरी काजक्रिया गरिसकेको ब्यक्ति फेरि फेला परेपछि हिन्दु परम्पराअनुसार विवाहदेखि अन्य ब्रतबन्ध, पूजापाठ पुनः गर्ने गरिन्छ।

# मंसिर ४ र ५ गते सार्वजनिक बिदा

**काठमाडौं/मस–** सरकारले आगामी प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि सरकारी कार्यालय तथा सार्वजनिक निकायमा दुई दिन बिदा दिने भएको छ। गृह मन्त्रालयले मंगलबार एक सूचनामार्फत् आगामी मंसिर ४ र ५ गते सरकारी कार्यालयमा सार्वजनिक बिदा दिने निर्णय गरेको जानकारी दिएको हो। मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलद्वारा प्रकाशित उक्त सूचनामा मतदानस्थल रहेका शिक्षण संस्था वा विद्यालयमा भने मंसिर २ देखि ५ गतेसम्म बिदा दिइएको छ।

निर्वाचन आयोगले यसअघि नै निर्वाचनमा बढीभन्दा बढी सहभागिता रहोस् भनेर सार्वजनिक बिदा दिन सरकारलाई आग्रह गरेको थियो। यसैबीच त्रिभुवन विश्वविद्यालयले पनि आगामी मंसिर १ देखि ५ गतेसम्म विश्वविद्यालयका सबै क्याम्पस र कार्यालयमा सार्वजनिक बिदा दिने निर्णय गरेको छ। विश्वविद्यालयका अधिकांश क्याम्पसमा मतदान केन्द्र राखिएको छ।

कतिपय क्याम्पसमा मतगणना केन्द्रसमेत राखिएको हुँदा विश्वविद्यालयका दैनिक काम कारबाहीमा असर पुग्ने देखिएकाले बिदा दिने निर्णय गरिएको विश्वविद्यालय सूचना तथा जनसम्पर्क महाशाखा प्रमुख योगेन्द्रप्रसाद दाहालले जानकारी दिए।

# मनाङमा पर्यटक बढे

**मनाङ/मस–** मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन तयारी तीव्र बनेको छ। यही बेला पर्यटकीय मौसम समेत भएकाले यस क्षेत्रमा विदेशी पर्यटक भ्रमणका लागि आउने क्रम बढेको छ। अन्नपूर्ण पदमार्गअन्तर्गत विश्वका विभिन्न देशबाट आएका पर्यटक यतिबेला मनाङमा भेटिन्छन्। पर्यटक आउने अनुकूल समय भएकाले पर्यटक मनाङमा भित्रिने क्रम जारी रहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका संरक्षण कार्यालय मनाङका लेखापाल खुसी राउत कुर्मीले जानकारी दिइन्। उनका अनुसार मनाङमा कात्तिकमा मात्र दुई हजार एक सय १६ विदेशी पर्यटक भित्रिएका छन्। पुरुष एक हजार दुई सय ६४ र महिला आठ सय ५२ जना रहेका छन्।

विदेशी पर्यटक तिलिचो ताल, थोराङ्ला पास, मनास्लु हिमाल आरोहण लगायतका स्थानमा जाने गरेका छन्। 'जिल्लामा यस सिजनको मध्यमा उच्च संख्यामा पर्यटकको आगमन भएको छ। यसले जिल्लाको आर्थिकस्तर वृद्धि गर्नेछ। पर्यटकको उल्लेख्य आगमनले मनाङवासीमा खुसीयालीका साथै उत्साह थपिदिएको छ', कुर्मीले भनिन्, 'कात्तिकमा फ्रान्स, जर्मनी, युके, अमेरिका लगायतका देशबाट पर्यटक आएका छन्।' आयोजनाका अनुसार चालू आर्थिक वर्षको साउनदेखि असोजको पहिलो सातासम्म तीन हजार आठ सय १८ पर्यटक मनाङ भित्रिएका थिए।

अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका-७ मनाङ्गे चौतारामा रहेको छ। अन्नपूर्ण पदमार्गमा लमजुङसहित कास्की, मनाङ, मुस्ताङ र म्याग्दी गरी पाँच जिल्ला जोडिएको छ। काठमाडौंदेखि बेँसीसहरसम्म सवारीसाधनमा पर्यटक आउने गर्दछन् भने पदमार्गमार्फत मनाङका विभिन्न स्थानको अवलोकनसहित पैदलयात्राको सुरुवात गर्दछन्।

# तस्करी रोक्न सशस्त्र प्रहरीको सक्रियता



**बाँके/मस–** निर्वाचनको बेला हुनसक्ने भन्सार छली तथा तस्करी रोक्न बाँकेमा सशस्त्र प्रहरीले सक्रियता बढाएको छ। अवैध रुपमा हुने भन्सार छली तथा तस्करी रोक्न सीमावर्ती ग्रामीण क्षेत्रमा गस्ती टोलीलाई सक्रियताका साथ परिचालन गरिएको सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय ३० नं गण बाँकेका प्रहरी उपरीक्षक जनक बस्नेतले जानकारी दिए। निर्वाचनको समयमा ग्रामीण क्षेत्रका भन्सार नाकाबाट हुनसक्ने भन्सार छली तथा तस्करी रोक्न खटिएको संयुक्त सुरक्षा टोलीले आइतबार राति बेतहनीमा अवैध रुपमा भित्रिएको तीन सय ५० बोरा गहुँसहित ट्रक नियन्त्रणमा लिइएको बताए।

रातिको समयमा ग्रामीण बस्तीमा भेटिएको ट्रकलाई शङ्काका आधारमा सोधपुछ गर्दा अवैध रुपमा भित्रिएको गहुँ फेला पारेपछि आइतबार रातिनै गहुँसहित उक्त ट्रकलाई नेपालगञ्ज भन्सार कार्यालयमा आवश्यक कारबाहीको लागि बुझाइएको प्रहरी उपरीक्षक बस्नेतले जानकारी दिए। सुरक्षा गस्तीका क्रममा अन्य स-सानो परिमाणका अवैध रुपमा भित्रिएका खाद्य वस्तु तथा लत्ताकपडासमेत बरामद गरी सुरक्षा टोलीले भन्सार कार्यालयमा बुझाउने गरेको उनको भनाइ छ। अवैध गहुँसहित पक्राउ परेको ट्रकमा चार सय २० बोरा गहुँको बिल भए पनि भन्सार कार्यालयमा जाँच गर्दा तीन सय ५० बोरा मात्र गहुँ पाइएको नेपालगञ्ज भन्सार कार्यालय मुद्दा शाखाका प्रमुख पवन भट्टले जानकारी दिए। 'उक्त गहुँ कहाँबाट ल्याएको भन्ने थाह हुनसकेको छैन, आज बयान हुँदैछ',भट्टले भने।


## मलेसियामा वैदेशिक रोजगारीको अवसर !!

**1. Employer Company : KYB-UMW MALAYSIA SDN. BHD** **City: SELANGOR**

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्व स्वीकृत मितिः | २०७९/०७/२९ | चलानी नं.: | ६०१९१३१६ | एल टि नं.: | २७५६८० |
| Pre Approval Date: | 2022/11/15 | Invoice No.: | 60191316 | L.T. No.: | 275680 |

| सि.नं | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: रिङ्गिट | मासिक तलब: ने.रु. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTORY WORKERS | 60 | 0 | स. काममा दक्ष | 1500 | ४२,३३० | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छैन | छ | दुई वर्ष |

**अन्तर्वार्ता ऐक्सेस पार्टनर्स अफिस, बानेश्वर, काठमाडौंमा अनलाईन मार्फत मिति मसिर ७ गते २०७९ गतेमा हुनेछ ।**
**Online Interview will be held at Access Partners Office at Baneshwor, Kathmandu on 23rd November 2022.**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने / Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने / Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने / Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने / Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने / Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहार्ने / Who will bear the Visa Cost | भिषा स्टयाम्पीङ शुल्क कस्ले ब्यहार्ने / Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने / How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था / Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने / How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | निःशुल्क Free |

**अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।**
**Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सुचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनु पर्नेछ । ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**access partners pvt. ltd.**
Govt. Lic. No. 1520/074/075
Baneshwor, Kathmandu | Contact: 01-4105010, 9851322444, 9801179555
Email: info@accesspartners.com.np | www.accesspartners.com.np



कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
## प्रदेश अस्पताल
वीरेन्द्रनगर, सुर्खेत

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना**

(सुचना प्रकाशित मितिः २०७९/०७/३०)

यस अस्पतालद्धारा मिति २०७९/७/०३ गते हिमालय टाईम्स राष्ट्रिय दैनिकमा प्रकाशित तथा मिति २०७९/०७/२८ गते प्रथम पटक प्रकाशित सुचना अनुसार तपसिलको खरिद कार्य गर्न बिद्युतिय बोलपत्र आव्हानको सुचना अनुसार प्राप्त हुन आएका बोलपत्र सारभूत रुपमा प्रभावग्राही तपसिलमा उल्लेखित बोलपत्रदाताको कबोल रकम न्युन मूल्यांकित रहेको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

| सि. न. | विवरण | न्युन मूल्यांकित फर्म | कबोल रकम (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|
| 1 | Ph/Karnali/NCB-5/079/80, Procurement of CT & DR-X-Ray film | Nihit pharmaceutical Surkhet | 79,60,000.00 | |
| 2 | Ph/Karnali/NCB-15/079/80, Procurement of Stationery Item | Rimal Enterprises Kathamandu | 13,06,500.00 | |
| 3 | Ph/Karnali/NCB-16/079/80, Procurement of printing of card, forms & format For Hospital | 3D Printers & publishers Bhaktapur | कुल १७ आईटम मध्ये ११ आईटम न्युन मुल्यकित | ठेक्का आईटम वेशमा भएकोले |
| 4 | Ph/Karnali/NCB-16/079/80, Procurement of printing of card, forms & format For Hospital | Bhawani Chhapakhana Surkhet | कुल १७ आईटम मध्ये १ आईटम न्युन मुल्यकित | ठेक्का आईटम वेशमा भएकोले |
| 5 | Ph/Karnali/NCB-16/079/80, Procurement of printing of card, forms & format For Hospital | Ashmita paper print order Suppliers Surkhet | कुल १७ आईटम मध्ये २ आईटम न्युन मुल्यकित | ठेक्का आईटम वेशमा भएकोले |
| 6 | Ph/Karnali/NCB-16/079/80, Procurement of printing of card, forms & format For Hospital | National Mansaroswor printing Press kathamandu | कुल १७ आईटम मध्ये ३ आईटम न्युन मुल्यकित | ठेक्का आईटम वेशमा भएकोले |

अस्पताल निर्देशक



## त्रिवेणी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
सिम्रुतु खारानेटा, रुकुम (पश्चिम)
२०७३

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(मिति २०७९/०७/३०)

यस कार्यालयबाट तपशिल आयोजनाको लागि प्रकाशित सूचना अनुसार विद्युतिय माध्यमबाट रितपुर्वक पेश हुन आएको वोलपत्र प्रस्तावहरु खोली मुल्यांकन समितिमा पेश भइ मुल्यांकन समितिको प्रतिवेदनका आधारमा तपशिलमा उल्लेखित वोलपत्रदाताको प्रस्ताव स्वीकृत गर्ने निर्णय भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम यो सूचना प्रकाशित गरीएको छ।

तपशिलः

| बोलपत्र नम्बर | बोलपत्रदाताको नाम र ठेगाना | बोलपत्र सम्बन्धि विवरण | कबोल अंक (भ्याट रकम बाहेक) | कार्यसम्पादन जमानत | कैफियत |
|---|---|---|---|---|---|
| TRM-MJKCDKS/NCB/01/079-080 | Arunsangam Nirman Sewa Khalanga 09 Jajarkot | Murudanda Jhyamkhola Kharaneta Chiuraganta Dalsinge Krishi Sadak Construction Works for Tribeni Rural Municipality | 94,00,991.00 | 33,78,962.77 | |

प्रमुख प्रशासकीय अधिकृत



## काबेली हाइड्रोपावर कम्पनी लिमिटेड
कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा–३०, ज्ञानेश्वर, काठमाडौं
ईमेलः kabeli.hydro5@gmail.com

**प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित २०७९/०७/३०

**श्री शेयरधनी महानुभावज्यूहरु,**
यस काबेली हाइड्रोपावर कम्पनी लिमिटेडको मिति २०७९/०७/२८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको प्रथम वार्षिक साधारण सभा तपसिलबमोजिमको मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनी नियमावलीको नियम १८ को उपनियम (३) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति : २०७९ साल मंसिर २२ गते बिहीबार (तदनुसार सन् २०२२ डिसेम्बर ८)**
**समय : बिहानको ठिक १०:०० बजे ।**
**स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा–३०, ज्ञानेश्वर, काठमाडौं ।**

**छलफलका विषयहरुः**
**(क) साधारण प्रस्तावः**
१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७८/७९ को वित्तिय विवरणहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा।
३. आ.व. २०७९/८० का लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. सञ्चालक समिति सदस्य बैठक भत्ता सम्बन्धमा।

**(ख) विशेष प्रस्तावः**
१. सञ्चालक समितिको निर्वाचन सम्बन्धमा।

**(ग) विविध ।**

**साधारण सभा सम्बन्धि अन्य जानकारीहरुः**
१. प्रतिनिधि (प्रोक्सी) मार्फत साधारण सभामा भाग लिन चाहने शेयरधनीहरुले कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रिय कार्यालयमा कम्पनीले तोकेको प्रोक्सी फारम भरेर पेश गरिसक्नुपर्नेछ। एक भन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फारम रद्द गरिनेछ।
२. मिति २०७९/०८/१२ गते देखि साधारण सभा नभईञ्जेलसम्म शेयर दाखिल खारेज बन्द गरिनेछ।
३. छलफलका विषयसूची मध्ये विविध शिर्षक अर्न्तगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धि प्रस्ताव कारण सहित उल्लेख गरि कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ।
४. सभामा भाग लिन आउनुहुने महानुभावहरुले प्रवेश पत्र वा आफ्नो शेयर प्रमाणपत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाउनुहुनेछ। कुनै महानुभावले कुनै कारणवश प्रवेश पत्र वा शेयर प्रमाणपत्र प्राप्त गर्न नसक्नु भएमा कम्पनीको केन्द्रिय कार्यालयमा सम्पर्क राखि साधारण सभा हुने मिति अगावै प्रवेश पत्र प्राप्त गर्नहुन अनुरोध गरिन्छ।
५. सञ्चालक समिति निर्वाचन सम्बन्धि सम्पूर्ण सूचना एवं जानकारीहरु कम्पनीको कन्द्रिय कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।
६. अन्य जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा फोन नं. ९८५१०१८०२५ मा सम्पर्क राख्नुहुन अनुरोध छ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



## स्नो रिभर्स लिमिटेड
(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा–३०, ज्ञानेश्वर, काठमाडौं
ईमेलः snowrivers2021@gmail.com

**प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित २०७९/०७/३०

**श्री शेयरधनी महानुभावज्यूहरु,**
यस स्नो रिभर्स लिमिटेडको मिति २०७९/०७/२८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको प्रथम वार्षिक साधारण सभा तपसिलबमोजिमको मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनी नियमावलीको नियम १८ को उपनियम (३) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति : २०७९ साल मंसिर २२ गते बिहीबार (तदनुसार सन् २०२२ डिसेम्बर ८)**
**समय : दिनको ठिक ४ बजे ।**
**स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा–३०, ज्ञानेश्वर, काठमाडौं ।**

**छलफलका विषयहरुः**
**(क) साधारण प्रस्तावः**
१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७८/७९ को वित्तिय विवरणहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा।
३. आ.व. २०७९/८० का लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।

**(ख) विशेष प्रस्तावः**
१. सञ्चालक समितिको निर्वाचन सम्बन्धमा।

**(ग) विविध ।**

**साधारण सभा सम्बन्धि अन्य जानकारीहरुः**
१. प्रतिनिधि (प्रोक्सी) मार्फत साधारण सभामा भाग लिन चाहने शेयरधनीहरुले कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रिय कार्यालयमा कम्पनीले तोकेको प्रोक्सी फारम भरेर पेश गरिसक्नुपर्नेछ। एक भन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फारम रद्द गरिनेछ।
२. मिति २०७९/०८/१२ गते देखि साधारण सभा नभईञ्जेलसम्म शेयर दाखिल खारेज बन्द गरिनेछ।
३. छलफलका विषयसूची मध्ये विविध शिर्षक अर्न्तगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धि प्रस्ताव कारण सहित उल्लेख गरि कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ।
४. सभामा भाग लिन आउनुहुने महानुभावहरुले प्रवेश पत्र वा आफ्नो शेयर प्रमाणपत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाउनुहुनेछ। कुनै महानुभावले कुनै कारणवश प्रवेश पत्र वा शेयर प्रमाणपत्र प्राप्त गर्न नसक्नु भएमा कम्पनीको केन्द्रिय कार्यालयमा सम्पर्क राखि साधारण सभा हुने मिति अगावै प्रवेश पत्र प्राप्त गर्नहुन अनुरोध गरिन्छ।
५. सञ्चालक समिति निर्वाचन सम्बन्धि सम्पूर्ण सूचना एवं जानकारीहरु कम्पनीको कन्द्रिय कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।
६. अन्य जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा फोन नं. ९८०२३१७१०८ मा सम्पर्क राख्नुहुन अनुरोध छ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

मध्यान्ह
www.madhyanhadaily.com
३० कार्तिक २०७९, बुधबार
16 November 2022, Wednesday

## सम्पादकीय

### फेरि पनि लोकतन्त्रप्रति आशंका

आवधिक निर्वाचन लोकतन्त्रको आधारभूत र अनिवार्य तत्व हो । यसको अर्थ नियमित निर्वाचन नहुनुको अर्थ लोकतन्त्र कमजोर हुनु हो । नियमित लोकतन्त्रले नागरिकको बदलिदो चाहनाको संरक्षण मात्रै गर्दैन, जनप्रतिनिधि परिवर्तनको बाटो समेत खोल्दछ । जनतासँग गरेको बाचा बिपरीत जनप्रतिनिधिले काम गरेमा विकल्प खोज्न आवधिक निर्वाचनले सहयोग गर्दछ । तसर्थ नियमित चुनाव हुने मुलुकलाई अन्नत लोकतान्त्रिक मुलुक मान्ने गरिएको छ । अमेरिकामा जस्तासुकै परिस्थितिमा पनि निर्वाचन रोकिदैन । कोरोना महामारीकै अवधिमा निर्वाचन गरेर अमेरिकाले आफ्नो लोकतान्त्रिक निष्ठा दुनियाँ सामू प्रष्ट पारेको थियो । विकसित र लोकतान्त्रिक मुलुकहरूमा आवधिक निर्वाचन नहुनेमा कुनै आशंका नै हुँदैन । तर लतागार राजनीतिक संक्रमण खेप्दै आएको हाम्रो मुलुकमा चुनाव हुनुलाई नै ठूलो उपलब्धि मान्नुपर्ने परिस्थिति अझैपनि छ ।

केही महिना अगाडिसम्म प्रमुख विपक्षी दल नेकपा एमालेले निर्वाचनप्रति आशंका गर्दै आएको थियो । गैरसंवैधानिक कदम चालेर एमाले अध्यक्ष केपी शर्मा ओलीले दुई दुई पटक प्रतिनिधिसभा विघटनको निर्णय गरेकाले त्यो आशंकालाई ठूलो रूपमा लिइएन । तर अवस्था भने आवधिक चुनाव हुनेमा अझै आशंका हुने गरेको छ । स्थानीय चुनावकै सन्दर्भले त्यो आशंकालाई पुष्टि गरेको छ । सरकारले निर्धारित मितिमा स्थानीय चुनाव नगराउने तयारी नै गरेको थियो । तर चर्को विरोधपछि वैशाख ३० मा स्थानीय चुनाव भयो । त्यसपछि हटेको आशंकालाई अब मंसिर ४ मा हुने आमनिर्वाचनले चिर्दैछ । तर फेरि पनि लोकतान्त्रिक अभ्यासलाई पूर्णतः कार्यान्वयन हुने आशंका गरिदैछ ।

किनकि २०४८ सालदेखि निर्वाचनमा भाग लिदै आएका उम्मेद्वारहरूकै यसपटक पनि बोलवाला छ । सत्ता र विपक्षी गठबन्धनमा विभाजित भएर दलहरूले भाग लिएको चुनावमा पुरानै नेताहरूलाई प्राथिमकतामा राखिएको छ । कतिपय निर्वाचन क्षेत्रमा मतदाताले चाहेर पनि जनप्रतिनिधि बदल्ने अवस्था देखिदैन । अझ मतदाताको गोप्य मतदानको अधिकार समेत खण्डन हुनेगरी विभिन्न सर्वेक्षण गर्ने प्रवृत्ति देखिन थालेको छ । त्यसले तिनै पुरानै शक्तिमा रहेका उम्मेद्वारहरूलाई लाभ पुग्ने देखिन्छ । तर मतदाता भने फेरि पनि दबावमै पर्ने देखिन्छ । यसले मतदाताको गोप्य मतदाता सुरक्षित नहुने भय एकातिर छ भने अर्कातिर निष्पक्ष चुनाव हुने आधार कमजोर बन्ने देखिएको छ । तसर्थ हामीले दबाव सिर्जना गर्नुपर्ने विषय भनेको लोकतन्त्रलाई बलियो बनाउँदै संविधान कार्यान्वयन गर्ने हो ।

# सौन्दर्य हराएको चुनाव

*विगतका चुनावमा बेग्लै सौन्दर्य थियो, त्यो हो दलीय आधारमा प्रतिस्पर्धा । त्यतिबेला दलहरूबीच केही हदसम्म एजेण्डागतरूपमा पनि प्रतिस्पर्धा थियो । तर, अहिले त त्यो पनि समाप्त भइसकेको छ ।*

**अग्रलेख**



● विष्णु पन्त

सैद्धान्तिकरूपमा भन्ने हो भने चुनावले नै लोकतन्त्रको झल्को दिन्छ । अर्को शब्दमा भन्दा लोकतन्त्रको सौन्दर्य नै चुनाव हो । त्यसकारण चुनावका निश्चत विषेशताहरु हुन्छन् । तिमध्येको सबैभन्दा महत्वपूर्ण विशेषता हो प्रतिस्पर्धा । प्रतिस्पर्धा भनेको स्वस्थ, मर्यादित र स्वतन्त्र हुनुपर्छ । चुनाव भनेको जनमतको नयाँ प्रक्षेपण हो । जनमत खासगरी विचारधारा, निष्ठा, आदर्श र दुष्टिकोणका आधारमा प्रभावित गर्नुपर्दछ । त्यसकारण चुनावले कुनै पनि व्यवस्थाको आयु निर्धारण गर्दछ । कस्तो चुनाव भन्ने आधारमा कस्तो व्यवस्था भन्ने आकृति आउँछ । चुनाव त पञ्चायतकालमा पनि हुन्थे तर, त्यहाँ पञ्चहरुले मात्र जित्ने चुनाव हुन्थे । २०४६ पछि पनि पटक-पटक चुनाव भए तर, ति चुनावहरु त्यति निष्पक्ष थिएनन् । चुनाव २०६२ र ०६३ पछि पनि भए र हुँदैछन् । पछिल्ला चुनावहरु लोकतान्त्रिक विधि र पद्धतिभन्दा बाहिरका देखिन्छन् । चुनावी शैली लोकलाई लज्जा लाउने खालको छ ।



आज चुनाव दलीय चुनाव चिन्हका आधारमा हुने गरेको छ । चुनाव चिन्ह दलका पेवा बनेका छन् । दलहरु निजी कम्पनीमा बदलिएका छन् । दलहरु निजी कम्पनीमा बदलिनु लोकतन्त्रको बियोगान्त स्थिति हो । हुँदा-हुँदा केही दलका पदाधिकारी र शक्तिशाली नेताहरुले नै चुनावमा टिकट पाएनन् वा उम्मेदवार हुन पाएनन् । त्यो रोग मुलधारका दलहरुमा बढी देखियो । आजको संसदीय अभ्यास केही दल र नेताको मुठीमा चल्ने खालको भएको छ । उम्मेदवार पनि अनौठो गरि भागवण्डामा हुने गरेको छ । चुनावी शैली हेर्दा पञ्चायतभन्दा भिन्न बनेको छैन । त्यसकारण एउटा राजा फालेर देशमा धेरै राजा जन्मे भन्ने तर्क धेरैको छ । चुनाव हुँदै गर्दा धेरैको टिप्पणी उम्मेदवारलाई नवराजा भन्ने गरेको पनि सुनिन्छ ।

विगतका चुनावमा बेग्लै सौन्दर्य थियो, त्यो हो दलीय आधारमा प्रतिस्पर्धा । तर, अहिले त त्यो पनि समाप्त भइसकेको छ । अहिले त चुनाव गठबन्धनका बीच हुँदैछ । आज एकातिर कांग्रेस र माओवादी केन्द्रलगायतबीच भेद छुट्याउन गाह्रो छ भने अर्कोतिर एमाले र राप्रपालगायतबीच भेद छुटिन्न । आज नीतिगत रुपमै एकअर्काका विरोधी देखिने दलहरुबीचको सम्बन्ध नुन र पानी वा चिनी र पानीबीचको जस्तो बनेको छ । उता एमाले र राप्रपाको पनि त्यस्तै सम्बन्ध छ । दलहरुका राजनीतिक एजेण्डाहरु वा मुद्दाहरुमा नै अन्तर छैन । सबै एकअर्कामा बिलय भइसकेका छन् । त्यसकारण आजको चुनावमा न त देश छ, नत जनता छन्, नत कुनै दृष्टिकोण छ । सायद, यो इतिहासकै सबैभन्दा दिशाहिन चुनाव हो ।

पछिल्ला राजनीतिक अभ्यासले देशमा प्रतिस्पर्धाको अन्त्य गरेको छ र त्यसको ठाउँमा निषेध, प्रतिशोध र बदलाको अभ्यास निर्णायक बनेको छ । यो निषेध र बदलाको राजनीतिको मुख्य जड थियो । हिजो सँगै रहेका एमाले र माओवादी केन्द्र आज एकले अर्कालाई हराउन जे पनि गर्दैछन् । त्यसकारण आजको चुनावमा प्रतिस्पर्धा छैन । दलीय समर्थनका आधारमा हार जीतको अवस्था हुँदैन । सांसद संख्याका आधारमा हार जित हुने चुनाव हुँदैछ । आज चुनावमा गालीगलौज, कुण्ठा, निकृष्टाहरुले प्रधान बनेर आएका छन् । त्यसकारण यो चुनावले हामीले ल्याएको भनेको लोकतन्त्रको अभ्यास र आचरण देखाएको छैन । जित्नका लागि जे पनि गर्नु लोकतन्त्र होइन । त्यसको विधि, पद्धती र मर्यादा कायम हुनुपर्छ ।

नेपाली राजनीतिमा गिरिजाप्रसाद कोइराला पछिको शक्तिशाली नेता वा शासक को भन्नेमा प्रतिस्पर्धा चलिरहेको छ । खासगरी केपी शर्मा ओली, शेरबहादुर देउवा र पुष्पकमल दाहालबीच अघोषित लडाईं छ । अघिल्लो चुनावमा ओली हावी भएका थिए भने अबको चुनावी अंकगणित त्यसको आँकडा दिनेछ । हामीले सहजै भन्न सक्छौं कि सत्ताको हिसाबले आजको दिनसम्म नेपाली कांग्रेस बलियो छ । यदि सत्ता गठबन्धन यही शैलीमा गएमा कांग्रेस थप बलियो भएर आउनेछ । तर, बिडम्बना चुनाव पछि पनि सत्तामा भागवण्डाको राजनीति भने कायमै रहनेछ । जुन पछिल्ला परिदृश्यहरुले स्पष्ट पारेका छन् ।

> *आज दलहरुका राजनीतिक एजेण्डाहरु वा मुद्दाहरुमा नै अन्तर छैन । सबै एकअर्कामा बिलय भइसकेका छन् । त्यसकारण आजको चुनावमा न त देश छ, नत जनता छन्, नत कुनै दृष्टिकोण छ । सायद, यो इतिहासकै सबैभन्दा दिशाहिन चुनाव हो ।*

सार्वजनिक रुपमै आएका छन्, नेताहरु उम्मेदवार हुनकै लागि करोडौं बुझाइएका छन् । पार्टी वा शक्तिशाली नेतालाई करोडौं बुझाएर मात्र उम्मेदवार बन्न पाइने कस्तो व्यवस्था हो यो ? आज धेरै ठाउँमा ठेकेदार, व्यापारीहरु उम्मेदवार बनेका छन् । व्यापार, ठेक्कापट्टा र दलाली गरेपछि सांसद र मन्त्री बन्न पाइने हाम्रो लोकतान्त्रिक अभ्यास आफैंमा कहाली लाग्दो छ । भ्रष्टाचार गर्ने अनि निवृत्त जीवनमा सांसद र मन्त्री बन्न पाइने यो व्यवस्था अपरम्पार छ । करोड र अरब बाँडेर मत खरिद गर्नुपर्ने हाम्रो लोकतन्त्रप्रति किन कसैको चिन्ता छैन ? स्मरणीय छ चुनाव भनेको लोकतन्त्रको प्राण हो । चुनावले हाम्रो समाज, चेतना र सभ्यताको पनि प्रतिविम्ब दिन्छ । चिन्ता यो हो कि हामी कता जाँदैछौं ? पैसाको खोलो बगाएर जित्नुपर्ने चुनावले कता लैजाला ? आफ्नो संगठन र सिद्धान्त छाडेर अरुलाई भोट माग्नुपर्ने चुनावले के देला ? जसरी नि जित्नै पर्ने कस्तो चुनाव हो ?

आज देशको आर्थिक अवस्था कहालीलाग्दो छ । लोकतान्त्रिक व्यवस्थाको सुरुवातसँगै हाम्रो आर्थिक अवस्था पनि झन् ओरालोमा देखिन्छ । एकातिर हामी लोकतान्त्रिक व्यवस्थाको वकालत गरिरहेका छौं भने अर्कोतिर सबैभन्दा भ्रष्ट र गरिब देशको सूचीमा पनि पर्दैछौं । मुख्य नेताहरुको भने हैसियत निकै सुधारिएको छ । यी घटनालाई हेर्दा, हामी कुन व्यवस्था उन्मुख छौं भन्ने प्रश्न उठ्छ । हामीले ध्यान दिनुपर्ने विषय यहीँ हो । तर, बिडम्बना अबको चुनाव पछि पनि अवस्थाले निरन्तरता पाउनेमा कुनै आशंका राख्नु पर्दैन ।

वास्तवमा यो चुनावले गर्न सक्ने एउटा मात्र काम छ त्यो हो सत्ता भागवण्डामा दलीय आकार निर्धारण गर्ने । अरबौं खर्चिएर हुँदै गरेको यो चुनावबाट देशले पाउने अस्थिरता भन्दा बाहिर केही देखिन्न । देश र जनताले पाउने केही पनि छैन तर, गुमाउने मात्र धेरै देखिन्छ । सांसद खरिद-बिक्री र किनबेचको वैधताका लागि देशको ढुकुटी सक्नुपर्ने बिडम्बना छ । त्यसकारण फेरि अर्को पाँच वर्षका लागि सत्ताको भागवण्डा हुने हुनाले भागवण्डाको आकार निर्धारणबाहेक अरु कुनै पनि उद्देश्य राखिएको छैन ।

आज संसदवादी दलहरुको अन्तिम उद्देश्य सत्ता वा भागवण्डा बनेको छ । सत्ता वा सरकारको निर्धारक तत्वका रूपमा सांसदहरुको संख्यालाई बनाइएको छ । सांसद संख्याको आधारमा दल ठूलो वा सानो हुने संसदीय अभ्यासलाई हाम्रो संविधानले वैधता दिएको छ । सांसद संख्या पुऱ्याउनका लागि दलहरु विभिन्न दाउपेच, षडयन्त्र र फोहरी खेलमा लागेको पनि देखिन्छ । दलहरुको अस्तित्वको आधार नै चुनाव बनेको छ । नेतृत्वको अस्तित्वको प्रश्न पनि चुनावी जितहारसँग जोडिएको छ । चुनाव हारे त्यो दल सिद्धियो भनेर बुझ्ने अवस्था छ । टिकट नपाए दल त्यागेर भएपनि उम्मेदवार बन्ने र चुनाव जित्ने मनोविज्ञान हाबी छ ।

त्यसकारण यो चुनाव विकृतिको जड बनेको छ । अहिलेको लोकतान्त्रिक गणतन्त्र मुख्य गरी दुई वटा कारणले विकृत, बदनामित र अलोकप्रिय बनेको छ ति हुन संसद र चुनाव । भ्रष्टाचार, संसदवाद र चुनावले गर्दा आजको संसदीय व्यवस्था पतनको डीलमा त पुगेको होइन प्रश्न छ । २०४६/०४७ पछि २०६२/०६३ जन्मियो र २०६२/०६३ पछि अब सिघ्र अर्को उथलपुथलको अपरिहार्यता निश्चित बनेको छ ।

